# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन २५ गते २०१० साल

## भाग १

### प्रधानमन्त्रालय राज्यव्यवस्थाको सूचना

संख्या ५१६४ २–१०–११–०१०

२००७ सालसम्ममा किताबमा ३ पुस्ते नाम दर्ता हुने पहाड मधेशका सबै अड्डाखानाका कर्मचारीहरूको दर्जा, नाम, थर, वतन र खान्गी सो अड्डामा बहाल भएको मितिसमेत खोली यो गजेट दाखिल भएका ३ दिन भित्र कम्पा-पडरी कितापखाना निजामती फांटमा फांट पठाउँनुपर्छ र सोही कितावखानाले पनि झिकाई लिनुपर्छ । सो म्यादमा नपठाउनेलाई कितावखानाबाट रु. ५ जरिवाना गरी पठाई झिकाई लिन सकतछ ।

सो फांट आएपछि किताबदर्ता भई राखेकोमा रुजु गरी नमिलेजतिकोमा सो भर्ना भइराखेको कितापदर्ता गर्ने तालुक मन्त्रालयमार्फत रिपोर्ट गर्ने जुन अड्डाको हो, सो अड्डालाई कितापखानाबाट तुरुन्त जनाउ पठाइदिनुपर्छ ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

जो जनाउ आएपछि सो जवानको सानिकवाला खाली भएको कारण खुले मिसिलसमेत खोली भर्ना गराउनेको र जवानको रीत पुऱ्याई किताबदर्ता गर्ने २ दिनभित्र आफ्ना तालुक अड्डामार्फत रिपोर्ट गरिसक्नुपर्छ। सो जवानको किताबदर्ता गर्ने २ महिनाभित्र निकासा भई नआएमा सो जवानको किताबदर्ता नभएसम्म खाली तलब किताबखानाबाट रोक्का राख्न सक्नेछ।

आज्ञाले—

अच्युतराज.

सेक्रेटरी– प. मं. राज्यव्यवस्था.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि